# विचार

हामी थोत्रो संसार भत्काउन मात्रै होइन,
नयाँ संसार बनाउन पनि जान्दछौं।
- माओत्सेतुङ

यदि मान्छेको उन्नति हुन्छ भने ऊसँगै
सारा संसारको उन्नति हुन्छ, तर एउटा
मान्छेको पतन हुन्छ भने ऊसँगै सारा
संसारको पतन हुन्छ।
- महात्मा गान्धी

## सम्पादकीय

नेपाल समाचारपत्र

# पानीमाथिको ओभानो नबन

स्थानीय तहका प्रमुखहरूले सर्वसाधारणबाट माग भएअनुसारका कार्यहरू यो एक वर्षभित्र गर्न नसकेको पाइएको छ । यसको दोषबाट उम्किन उनीहरूले केन्द्र सरकारलाई दोष दिने वा यसलाई छोप्न सस्तो लोकप्रियता कमाउने हिसाबका ठूला–ठूला सपनाको व्यापार गरिरहेका छन् । संविधानले दिएको हैसियत नबुझ्ने र ठूला–ठूला आश्वासन दिने स्थानीय तहका पदाधिकारीहरूको गतिविधिबाट जनतामा निराशा थपेको पाइएको छ । निर्वाचनताका गाउँ–गाउँमा सिंहदरबार पुर्‍याउने नारालाई बढी प्रचार गरिएको थियो । त्यस समयमा ठूला–ठूला आश्वासन दिएर जनताको अपेक्षा ह्वात्तै बढाइएको थियो । तर झन्डै दुई दशकपछि भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरूले लक्षित वर्गको मागअनुरुप कार्य गर्न सकेनन् । जनप्रतिनिधिहरूले स्थानीयले भोग्नुपरिरहेको समस्याको ठोस समाधानभन्दा पनि सस्तो लोकप्रियता कायम हुने गरी आकर्षक र ठूला–ठूला विकास–निर्माणका 'पपुलर' नाराहरू अहिलेसम्म नै बाँडिरहेका छन् । गर्नुपर्ने र गर्न सकिने काम कुरोभन्दा पनि विशेष गरी राजधानी काठमाडौंका जनप्रतिनिधिहरू फ्लाइ ओभर बनाउने, मोनो रेल ल्याउनेजस्ता नारा बाँड्नमै रुमलिइरहेका छन् ।

पक्कै पनि एकात्मकबाट संघीयताको प्रवेशको संक्रमणकाल व्यवस्थापनमा केन्द्र सरकारबाट धेरै कमजोरी भएकै हो । आवश्यक ऐन–कानुन बनाउने, कर्मचारी उपलब्ध गराउने, स्रोत–साधन उपलब्ध गराउने कार्यमा निकै ढिलाइ भएको कुरा बिहानीको घामजस्तै छर्लंग छ । यसले गर्दा पनि जनप्रतिनिधिहरूलाई काम गर्न अप्ठ्यारो भएको भने नकार्न सकिँदैन । तर स्रोत–साधन भएका स्थानीय तहमा पनि अपेक्षाकृतरुपमा काम हुन सकेन। स्थानीय तहका प्रमुखसहित अधिकांश जनप्रतिनिधिले संविधानले दिएका अधिकारहरू बुझ्न नसकेको देखिन्छ । साथै ती अधिकारहरूलाई कसरी कार्यान्वयनमा लैजाने भनेर पनि नबुझेको पाइएको छ। संविधानले दिएको आफ्नो हैसियत ग्रहण गर्न नसक्नु पनि जनप्रतिनिधिको कमजोरी रहेको छ ।

यस्तो अवस्थामा गाउँ–गाउँमा सिंहदरबारको अधिकार पुगेको भनेर कसरी भन्ने ? बरु कुशासन र गैरजिम्मेवारीपन गाउँ–गाउँमा पुगेको प्रतीत भएको छ। केन्द्र सरकार र उच्चपदस्थ कर्मचारीहरूले संघीयतालाई कमजोर पार्ने वा स्थानीय तहलाई दिइएको अधिकार बढी भयो भन्ने मानसिकता हाबी भएको छ। त्यसैले ती अधिकारलाई कटौती गर्ने र अप्ठ्यारो पार्ने ऐन–कानुनहरू बनाउन उद्यत् भएको देखिन्छ । जनप्रतिनिधिहरूमा भएको केन्द्रीकृत मानसिकता, अहंता, जनतालाई अटेर गर्ने प्रवृत्ति, जनताको सेवकभन्दा शासकको मानसिकता, गैरजिम्मेवारीपन लगायतका प्रवृत्तिले स्थानीय तहसहित प्रकारान्तरले संघीयतालाई समेत कमजोर बनाउने देखिन्छ । यसले गर्दा जनप्रतिनिधिहरूले आफ्नो असफलताको दोष केन्द्र सरकार र कर्मचारीलाई मात्र दिएर आफू पानीमाथिको आभानो हुने अवस्था पक्कै आउँदैन। न यस्ता तर्कमा जनताले विश्वास नै गर्दछन्। सच्चिने र पुनर्विचार गर्ने समय अझै छ । समयमै सचेत भएको खण्डमा बाँकी चार वर्ष अझै जनताको हितमा समर्पित भएर काम गर्न सकिने अवसर रहेको छ ।

# चिनियाँ लगानी आकर्षित गर्ने अवसर


बद्री तिवारी

प्रधानमन्त्री केपी शर्मा ओलीले आजदेखि गर्न लाग्नुभएको छिमेकी मित्रराष्ट्र चीनको पाँचदिने भ्रमण नेपाल-चीन सम्बन्धलाई अझ बढी प्रगाढ बनाउन तथा नेपालमा चिनियाँ लगानीकर्ताहरूलाई आकर्षित गर्न फलदायी बन्ने अपेक्षा गर्न थालिएको छ। आफ्ना चिनियाँ समकक्षी ली खछ्याङको औपचारिक निमन्त्रणामा त्यसतर्फ जान लाग्नुभएका प्रम ओलीको भ्रमणका अवसरमा विगतमा भएका सहमति सम्झौताको कार्यान्वयन तथा नेपालको पूर्वाधार विकाससँग जोडिएका विषयहरू पनि विशेष एजेन्डाका रुपमा प्रस्तुत हुनेछन्। मुलुकको इतिहासमै शक्तिशाली सरकारका प्रधानमन्त्रीका रुपमा लिइएका ओलीको यो भ्रमणको सार्थकता त भविष्यले नै दर्शाउला तर अर्को छिमेकी मित्रराष्ट्र भारतलगायत मुलुकले यस भ्रमणलाई चासोका साथ हेरिरहेका छन्। सरकार प्रमुखको भ्रमण सफल बनाउने वा कागजका पन्नामा अभिलेखका रुपमा मात्रै सीमित राख्ने भन्ने कुराचाहिँ हाम्रो कुटनीतिक कौशल र सरकारी कार्यशैलीमा नै निर्भर गर्दछ।

देशमा राजनीतिक द्वन्द्वको समाधान भई स्थिर सरकार बनेको तथा अबको मूल एजेन्डा भनेको विकास तथा समृद्धि भएकाले त्यसका लागि स्वदेशी तथा विदेशी/छिमेकी मित्रहरूसँग हातेमालो गर्दै जाने नीति लिन खोज्नुलाई सकारात्मक प्रयासकै रुपमा लिनुपर्दछ। अहिले हुन लागेको प्रधानमन्त्री ओलीको भ्रमण पनि सरसर्ती हेर्दा आपसी हित र देशमा लगानीका नयाँ मार्गहरू खोली चिनियाँ लगानीकर्ता आकर्षित गर्ने प्रयासका रुपमा लिन सकिन्छ। परराष्ट्र मन्त्रालयद्वारा सार्वजनिक गरिएका तथा सरकारका अधिकारीहरूले जनाएअनुसारका भ्रमणको कार्य तालिकाले नेपालको पूर्वाधार विकास तथा समृद्धिसँग जोडिएका केही विषयलाई महत्व दिएको देखिन्छ। भ्रमणका क्रममा चीन हुँदै नेपालतर्फ रेलमार्ग विस्तार, ऊर्जा, व्यापार, पारवहन, अन्तरदेशीय विद्युतीय प्रसारण लाइन निर्माण, चीनसँग जोडिएका नाकाहरूमध्ये हाल पाँचवटा नाका खोल्ने, रसुवा र सिन्धुपाल्चोक सीमामा नेपाल-चीन मितेरी पुल निर्माणलगायतमा प्राविधिक र आर्थिक सहयोगसम्बन्धी सहमति/सम्झौता हुने बताइएको छ। निश्चय नै आपसी हित र अन्तर्राष्ट्रिय मान्यताबमोजिम हुने सहमति सम्झौतालाई अन्यथा मान्न मिल्दैन तर विगतका सहमति तथा सन्धि सम्झौताको पालनातर्फ पनि विशेष पहल आवश्यक भइसकेको छ। भ्रमणमा चीनले अघि सारेको बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई)मा नेपालको प्राथमिकता र चिनियाँ सहयोग, समुद्री बन्दरगाहको पहुँच र सुक्खा बन्दरगाहको प्रयोगलगायतका विषयले प्राथमिकता पाउने भएकाले पनि भ्रमण उपलब्धिमूलक बन्ने अपेक्षा गर्नु अस्वाभाविक लाग्दैन। भ्रमणको विषयमा पूर्वप्रधानमन्त्रीहरू पुष्पकमल दाहाल प्रचण्ड, झलनाथ खनाल, माधवकुमार नेपाल, शेरबहादुर देउवा, डा. बाबुराम भट्टराई, मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मीलगायतलाई अवगत गराउने क्रममा प्रम ओलीले हिजो सोमबार भ्रमण उपलब्धिमूलक बनाउने तयारी भएको जानकारी गराउनु र सुझाव पनि माग गर्नुले भ्रमणको गृहकार्य भरपूर भइरहेको देखिन्छ। त्यसो त सरकारको यो दायित्व पनि हो कि छिमेकी मित्रराष्ट्रसँगको सम्बन्धलाई सुदृढ बनाएर राष्ट्रिय र आपसी हितको पक्षमा यस औपचारिक भ्रमणलाई उपयोग गर्नुपर्दछ।

> अबको मूल एजेन्डा भनेको विकास तथा समृद्धि भएकाले त्यसका लागि स्वदेशी तथा विदेशी/छिमेकी मित्रहरूसँगहातेमालो गर्दै जाने नीति लिन खोज्नुलाई सकारात्मक प्रयासकै रुपमा लिनुपर्दछ। अहिले हुन लागेको प्रधानमन्त्री ओलीको भ्रमण पनि सरसर्ती हेर्दा आपसी हित र देशमा लगानीका नयाँ मार्गहरू खोली चिनियाँ लगानीकर्ता आकर्षित गर्ने प्रयासका रुपमा लिन सकिन्छ।

प्रधानमन्त्री ओलीको अघिल्लो कार्यकालमा भएका कतिपय विषयका सहमति/सम्झौता कार्यान्वयन नभइराखेको बेलामा नयाँ सहमति र सम्झौताको कुरा गर्नु हास्यास्पद बन्न जाला, तैपनि तिनीहरूको कार्यान्वयन र हाल हुन लागेका नयाँ सहमति र सम्झौताहरूलाई पनि अक्षरशः पालना गर्नको लागि एउटा कार्यदल नै बनाएर पहल गर्न लगाउने तथा कूटनीतिक नियोगलाई पनि निरन्तर गृहकार्यमा जुटाउनु आवश्यक छ।

मुलुकमा विदेशी लगानीकर्ता आकर्षित गर्ने दृष्टिकोणले अझै अर्को महत्वपूर्ण कार्यक्रम त चीनको राजधानी बेइजिङमा आयोजना गरिएको छ, जसमा प्रधानमन्त्री ओलीले नेपाल-चीन बिजिनेस फोरम र विज्ञहरूलाई सम्बोधन गर्नुहुनेछ जसबाट नेपालमा लगानी गर्न चाहने चिनियाँहरू आकर्षित हुन सक्नेछन्। त्यसो त गत बिहीबार चीनको युनान प्रान्तको कुनमिङमा आयोजित १३औं चीन-दक्षिण एसिया व्यवसाय फोरमको बैठकलाई सम्बोधन गर्ने क्रममा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष भवानी राणाले चीनले अगाडि सारेको (बीआरआई) परियोजनाले रोजगारी सिर्जना, पूँजीवृद्धि, नवीनतम् प्रविधिको विकासमार्फत चीन तथा दक्षिण एसिया क्षेत्रका जनताको जीवनस्तरमा सुधार आउने बताएर शुरू गर्नुभएको आफ्नो सम्बोधन चिनियाँ लगानीकर्ताहरूलाई बीआरआईसँगै जोडेर लगानी गर्न आह्वान गर्नुभएको थियो। चीन तथा बीआरआईसँग जोडिएका देशहरूमा खपत हुनसक्ने वस्तु उत्पादन गर्ने गरी नेपालमा लगानी गर्न आग्रह गर्नुले प्रधानमन्त्रीले भ्रमणका क्रममा चिनियाँ लगानीकर्ताहरूलाई नेपालमा लगानी गर्न गर्नुहुने आह्वानलाई पूर्वतयारीका रुपमा सहयोग पुग्ने अनुमान गर्न सकिन्छ। किनकि लगानीकर्ताहरूले अब नेपाललाई लगानीका लागि सुरक्षित र सम्भाव्य स्थानका रुपमा लिन सकून् भनी त्यसका लागि आधार तय गर्ने काम गर्न सकिन्छ।

यद्यपि यतिले मात्र देशमा विदेशी लगानीको वातावरण बन्नचाहिँ सक्दैन। किनकि यहाँको प्रशासनिक संयन्त्रलाई नै विदेशीहरूले समस्याको रुपमा लिने गर्दछन्। कुनै पनि लगानीकर्ताले त्यस्तो ठाउँमा लगानी गर्न चाहन्छन् जहाँबाट आफ्नो लगानीको राम्रो प्रतिफल प्राप्त गर्न सजिलो होस्। त्यसका अतिरिक्त प्रक्रियागत हिसाबले सजिलो, कम खर्चिलो, विनाझन्झटिलो र लगानीको पूर्ण सदुपयोग होस् भन्नेतर्फ उनीहरू सचेत रहनु अस्वाभाविक होइन। नेपालको कुरा गर्दा, यहाँ लगानी गर्न चाहने विदेशीहरू यहाँको प्रशासनिक संयन्त्रको व्यवहारबाट तर्सने गरेका छन्। लगानी गर्नका लागि नेपाल आएर सीधै लगानी बोर्डमा गएपछि धेरै हदसम्म उनीहरूले राहत महसुस त गर्न पाउँछन् तर जब आफ्नो क्षेत्रको लगानी गर्ने बेलामा सम्बद्ध मन्त्रालय, विभाग र कार्यालयका कर्मचारीको व्यवहारबाट उनीहरू आजित बन्दछन्। नेपालको प्रशासनिक संयन्त्रमा रहेका पदाधिकारी/कर्मचारीहरूका मानसिकता पुरानै रहनु, हरेक पटक खर्च गराउने, प्रक्रियालाई झन्झटिलो बनाएर भ्रष्टाचार गर्ने दुलो खोज्न थाल्नु, प्रक्रियामा अगाडि बढिसकेका कामलाई दुई-चार दिन नै अलमल्याइदिन र हुने कामलाई पनि नहुने भनेर फर्काइदिने परिपाटीका कारण लगानीकर्ताहरू हतोत्साही बन्न पुग्दछन्। नेपालीका लागि त यस्तो प्रवृत्ति नयाँ नलाग्ला तर विदेशीहरूले यस्ता कार्यलाई दुत्कार्छन्, घृणा गर्दछन्। वास्तवमा देशमा नयाँ सरकार त बन्यो तर यहाँको प्रशासन पुरानै छ, उनीहरूको काम गर्ने तौरतरिका पनि पुरानै हुनु सरकारको प्रभावकारिता नदेखिनु हो।

हो, विदेशी लगानी भित्र्याउने विषयमा पनि यस्तै खाले समस्या देखिन्छ। त्यसकारण सरकारले मन्त्रालय, विभाग, कार्यालयहरू तथा त्यसअन्तर्गतका इकाइहरूमा नयाँ सोच, मान्यता, सेवाग्राहीप्रति इमानदार र परिवर्तित वातावरणमा काम गर्न सक्ने खालका पदाधिकारी, व्यवस्थापक, कर्मचारीहरूलाई चयन गर्नु आवश्यक छ। अनि मात्र सरकारले जनतालाई परिवर्तनको महसुस गराउन सक्छ।

यसै सन्दर्भमा विश्व बैंक समूहले विश्वका १ सय ९० देशमा गरेको सर्वेक्षणअनुसार नेपाल व्यावसायिक लगानीका दृष्टिले १०५ औं स्थानमा रहेको छ। यहाँ उल्लेख गरिएका विभिन्न शीर्षकहरूमा आधारित भएर गरिएको सर्वेक्षणले कुनै पनि लगानीकर्तालाई आफूले चाहेको देशमा लगानी गर्नको लागि लाग्ने समय, खर्च र अपनाउनुपर्ने प्रक्रियाका बारेमा जानकारी प्राप्त गर्न मद्दत गरेको छ।

**ती शीर्षकहरू यस्ता छन् :**

* व्यवसाय प्रारम्भ गर्नका लागि अपनाउनुपर्ने प्रक्रिया, लाग्ने समय, खर्च तथा न्यूनतम पूँजी।
* गोदाम निर्माण स्वीकृतिका आवश्यक प्रक्रिया, समय र अनुमानित खर्च।
* विद्युत्को उपलब्धता अर्थात् नवनिर्मित गोदामघरमा विद्युत् जडान खर्च तथा लाग्ने समय।
* सम्पत्ति तथा व्यावसायिक घरजग्गा दर्ता प्रक्रिया।
* कर्जा प्राप्त गर्न सक्ने सम्भावना तथा कानुनी प्रावधान र कर्जा सूचना।
* लगानी र लगानीकर्ताको संरक्षण।
* कर भुक्तानी विधि तथा प्रक्रिया।
* सीमापार व्यापारका लागि आवश्यक कागजात, आयात निर्यातका लागि लाग्ने खर्च तथा समयबारे जानकारी।
* करार कार्यान्वयनको अवस्था तथा प्रक्रिया।

ऋण भुक्तानी गर्न नसक्दा वा टाट पल्टेको अवस्थामा त्यस्तो समस्याबाट मुक्तिका लागि लाग्ने समय र प्रक्रियालगायत विविध पक्षको जानकारीका आधारमा विश्वका विभिन्न मुलुकहरूमा लगानी गर्ने कि नगर्ने भनेर लगानीकर्ता निर्णय लिन्छन्।

चिनियाँ लगानीकर्ताहरू पनि स्वाभाविकरुपमा नेपालको 'डुइङ बिजिनेस इन्डेक्स' अर्थात् लगानीको लागि आवश्यक जानकारी दिन सक्ने आर्थिक परिसूचक पनि तुलनात्मकरुपमा अध्ययन गरेर लगानीका लागि तयार हुनेछन्। उल्लिखित प्रक्रियाहरू पूरा गर्ने क्रममा विदेशीहरूले हैरानी पाएको अवस्थालाई ध्यानमा राखी सरकारले यहाँको विदेशी लगानीकर्ताहरूसँग प्रक्रिया पूरा गराउन खटिएका कर्मचारीहरूलाई बेला-बेलामा अद्यावधिक गराइरहनुपर्ने आवश्यकता देखिन्छ। सरकारी संयन्त्र नै चुस्त दुरुस्त बनाउन सक्नुपर्दछ।

नेपालमा लगानीकर्ताहरूलाई आह्वान गर्दा उनीहरूको लगानीसँग सम्बन्धित उद्योग, व्यापार, व्यवसाय तथा कलकारखानाका विभागीय मन्त्रालय, विभाग तथा कार्यालयहरूलाई केन्द्रीय तहबाटै विशेष निगरानी र आवश्यक परे नियन्त्रण एवम् सकारात्मक हस्तक्षेपकारी भूमिका निर्वाह गर्नु आवश्यक छ। त्यसमाथि हाल आएर नेपाल संघीय संरचनामा गइसकेको अवस्थालाई ध्यानमा राखेर उनीहरूले कुन र कस्ता नीति नियमहरू पालना गर्नुपर्ने हो भन्ने बारेमा यथेष्ट मात्रामा जानकारी उपलब्ध गराउनुपर्ने देखिन्छ। हुन त वैदेशिक लगानीका सम्बन्धमा नीति नियमहरू बनिरहेकै होलान् तर समयमा लगानीकर्ताहरूले सूचना नपाउँदा उनीहरूको योजना नै परिवर्तन हुन बेर लाग्दैन, फलस्वरुप लगानी आकर्षण होइन विकर्षणचाहिँ हुन पुग्दछ। यसमा पनि सरकारको ध्यान जानु जरुरी छ।

अब नेपालले चिनियाँ होऊन् वा अन्य, कुनै पनि मुलुकका लगानीकर्तालाई आह्वान गर्दा नेपालको परिवर्तित परिस्थितिलाई यथेष्ट मात्रामा जानकारी गराउनुपर्ने, उनीहरूको लगानीको संरक्षण गर्ने प्रत्याभूति गराउनुपर्ने दायित्वलाई पनि सरकारले पूरा गर्नुपर्दछ।

badript@gmail.com

## पाठक पत्र

### प्रहरीसँग हातेमालो जरुरी

नागरिकलाई शान्ति सुरक्षाको प्रत्याभूति गराउनु राज्यको पहिलो जिम्मेवारी हो। सुरक्षा निकाय जबसम्म चुस्त बन्दैन तबसम्म नागरिकले सुरक्षाको महसुस गर्न सक्दैनन्। प्रहरीले मात्रै चाहेर नागरिकको सुरक्षाको ग्यारेन्टी पनि हुन सक्दैन। किनभने सुरक्षित जीवनयापनको लागि नागरिकले पनि सचेतनापूर्ण भूमिका खेल्न जरुरी छ। जिल्ला-जिल्लामा पछिल्लो समय अपराधजन्य घटना त्यति धेरै नघटे पनि अधिकांश जिल्ला प्रहरी कार्यालयले सामुदायिक प्रहरी सेवा केन्द्रहरूको सहकार्यमा शान्ति सुरक्षा कायम गर्नका लागि विशेष अभियान सञ्चालन तयारीमा जुटेको छ। समाजमा हुने गरेका अपराध र अपराधजन्य क्रियाकलापको न्यूनीकरणका लागि सामुदायिक सेवा सामुदायिक प्रहरी सेवा केन्द्रसँगको समन्वयमा प्रहरीले यो अभियान शुरू गर्न लागेको हो, जुन निकै स्वागतयोग्य छ।

गाउँघरमा हुने विभिन्न अपराधिक क्रियाकलाप बाटोघाटो, शान्ति सुरक्षालगायत समुदायमा भए गरेका विभिन्न गतिविधिबारे जानकारी लिई शान्ति सुरक्षालाई चुस्त-दुरुस्त गराउनेमा अभियान केन्द्रित हुने जनाइएको छ। सबै नगर तथा गाउँपालिका हुँदै वडास्तरका जनप्रतिनिधि, नागरिक समाज, बुद्धिजीवी, समाजसेवी, पत्रकारलगायत स्थानीय सरोकारवालासँग सहकार्य र समन्वय गरेर समाजमा हुने गरेका महिला हिंसा, बालबालिकाको अवस्था, दुर्व्यसनीजस्ता क्रियाकलापबारे तथ्यांक संकलन गरी समस्या समाधानतर्फ लाग्ने एवम् जनसमुदायमा चेतना फैलाउने लगायतका कार्यक्रम सञ्चालन गरिने प्रहरीले बताएको छ। शहर होस् वा दुर्गम क्षेत्रमा किन नहोस्, जनचेतनाको अभावमा विभिन्न अपराधजन्य क्रियाकलापहरू घटिरहेका छन्। नागरिकमा जबसम्म अपराधका कानुनबारे सूक्ष्मरुपमा जानकारी गराउन सकिँदैन तबसम्म यस्ता घटनाले प्रश्रय पाइरहने छन्। त्यसैले सबैभन्दा पहिले नागरिकमा चेतनास्तरको विकास गराउन जरुरी छ।

पछिल्लो समय नगरका विभिन्न क्षेत्रमा स्थापना गरिएका सामुदायिक सेवा केन्द्रले सो क्षेत्रमा हुने अपराधका घटना कम गराउन महत्वपूर्ण भूमिका खेलिरहेका छन्। आवश्यक क्षेत्रमा सामुदायिक सेवा केन्द्रलाई विस्तार गर्ने हो भने जिल्ला प्रहरी कार्यालयमा आउने सामान्य घटनाका उजुरी सेवा केन्द्रमा नै मिलाउन सकिन्छ। त्यसैले सामुदायिक सेवा केन्द्र विस्तारमा प्रहरीले आवश्यक जनशक्ति खटाउन जरुरी छ भने सो क्षेत्रका नागरिकले पनि सामुदायिक सेवा केन्द्र स्थापना र सञ्चालनको लागि प्रभावकारी भूमिका खेल्नुपर्छ। पछिल्लो समय प्रहरीले सञ्चालन गर्न लागेको नागरिकको सुरक्षा र अपराध न्यूनीकरण अभियानमा नागरिक समाजले हातेमालो गर्नुपर्छ। अपराधले समाजलाई विकृतिको बाटोतिर उन्मुख गराउने भएको हुँदा त्यसतर्फ हामीले समयमै विचार पुर्‍याउनुपर्छ। अपराधरहित समाज निर्माण भयो भने मात्र समृद्धिको बाटोतर्फ उन्मुख हुन सकिन्छ। यसबारे सबैले सोच्नुपर्छ।

*- दीलिप केसी, काभ्रे*

### तामाकोशीमा षड्यन्त्र भयो

बहुचर्चित र बहुप्रतीक्षित तामाकोशी जलविद्युत् आयोजना मुलुकको राष्ट्रिय गौरवको आयोजना पनि हो। कुल ४ सय ५६ मेगावाट क्षमताको यो आयोजना शुरू गर्दा ०६६ सालमा यसको लागत ३५ अर्ब २९ करोड ४१ लाख अनुमान गरिएको थियो। निर्धारित समयभन्दा २ वर्ष ढिला गरी आयोजना आगामी वैशाखमा पूरा हुने अनुमान छ। आयोजना पूरा हुँदा यसको लागत बढेर ६० अर्ब नाघ्ने देखिएको छ।

मुलुकको लोडसेडिङ अन्त्य गर्न र विद्युत्मा भारतसँगको परनिर्भरता कम गर्न माथिल्लो तामाकोशी विद्युत् आयोजनालाई महत्वपूर्ण मानिएको छ। त्यसैले पनि यो आयोजनाको निर्माणलाई सरकारले उच्च प्राथमिकतामा राखेको छ। तर, यसको लागततर्फ ध्यान नदिँदा राज्यले ठूलो व्ययभार व्यहोर्नुपरेको छ। यो एउटा सरकारी लापरबाहीको चरम नमुना हो। सरकारले पूर्व अनुमानित लागतमा काम पूरा नगर्ने ठेकेदार कम्पनीमाथि कडा कारबाही गर्न नसकेकै कारण हरेक आयोजनामा ठेकेदारले लापरबाही गरेको देखिन्छ।

ठेकेदारले लापरबाही गर्ने आधार भनेको नै सरकारी संयन्त्र हो। फितलो अनुगमनले ठेकेदारको मनोबल बढ्छ। माथिल्लो तामाकोशी मात्र होइन, सरकारले बनाएका हरेक आयोजनाको अवस्था दयनीय नै देखिन्छ। केही महिनाअघि मात्र निर्माण सम्पन्न भएको चमेलिया जलविद्युत् आयोजनामा अनुमानित लागतभन्दा ४ गुणा बढी खर्च भयो। अर्थात् प्रारम्भिक लागतमा काम सकिएको भए चमेलियामा खर्च भएको बजेटले चमेलियाजस्तै अरू ३ वटा आयोजना बनाउन सकिन्थ्यो। मेलम्ची खानेपानीको अवस्था पनि उस्तै छ। १० वर्षअघि नै पूरा हुनुपर्ने मेलम्ची आयोजनामा प्रारम्भिक अनुमानित लागतभन्दा दोब्बर बढी खर्च भइसकेको छ। यी सबै सरकारी आयोजना समयमा पूरा हुन नसक्नु र अत्यधिक लागत बढ्नुमा शतप्रतिशत सरकारी संयन्त्र जिम्मेवार हुनुपर्छ।

- कर्ण शाक्य, जोमसोम

### सामाजिक विभेदमा मिलापत्रको प्रवृत्ति

संघीय संरचनामा मुलुक पुगिसकेपछि यसबाट उत्पन्न विभिन्न खाले परिस्थितिहरूलाई आत्मसात् गर्दै नयाँ संरचनामा हरेक नागरिकका आवश्यकताहरूलाई मध्यनजर गरी मुलुकको आर्थिक अवस्था सुधारका लागि सरकार अगाडि बढेको देखिएको छ।


मुलुकको आर्थिक अवस्था सुधारका लागि सामाजिक परिवेश र अवस्था पनि सुधार हुँदै जानुपर्ने कुरालाई महसुस गरिएको छ। किनकि कुनै एक व्यक्ति सामाजिकरुपमा सशक्त नभएसम्म त्यहाँको सामाजिक स्वरुप परिवर्तनमा समस्या कायमै रहन्छ। अहिले पनि हाम्रो समाजमा कतिपय सामाजिक मूल्य र मान्यता निकै राम्रा पनि छन्, कतिपय निकै नराम्रा पनि छन्। राम्रा संस्कारहरूलाई आत्मसात् गर्दै नराम्रा संस्कार र कुरीतिहरू बिस्तारै घट्दै गएको देखिए पनि अझै बढी पैरवी र वकालत जरुरी देखिएको छ।

देशका विभिन्न जिल्लामा देखिएका विभिन्न सामाजिक कुरीतिका घटनाहरूको विश्लेषण गर्ने हो भने पनि कतिपय कानुन नबुझेर गरिएका विभेदहरू छन्, कतिपय सामाजिक मूल्य र मान्यताका कारण समस्या देखिएको छ। कतिपय जतीयरुपमा गरिएका विभेदहरूले समस्या बढेको छ। कतिपय जानेबुझेकाहरूले हैकम चलाउने क्रममा समेत विभेदका घटनाहरू बढेका छन्। यस्ता सबै खाले घटनाहरूलाई न्यूनीकरणका लागि अब हरेक स्थानीय सरकारहरूले वकालत पैरवी र बहस गर्नु जरुरी देखिएको छ।

स्थानीयरुपमा गरिएका सामाजिक विभेदका घटनाहरूलाई सामान्य भन्दै मिलापत्रमै टुंगोमा पुर्‍याउने प्रवृत्तिले पनि सामाजिकरुपमा अपराधका घटनाहरू बढ्दै गएको देखिन्छ। यस्ता घटनाहरूमा संलग्नलाई कानुनी सजायसम्मका लागि पनि बहस र पैरवी हुनुपर्ने देखिन्छ र सामाजिक रुपमै मिलापत्र गर्ने चलनको अन्त्य गर्नुपर्ने आजको आवश्यकता हो।


*- माया रोका, दैलेख*

## सामाजिक सञ्जाल



विकास निर्माणको काम सरकारको हो। सांसदले आवश्यक कानुन र नीति निर्माण गर्ने हो। तर संघीय सांसद र प्रदेशसभा सदस्यहरूका लागि दशौं अर्ब विकास बजेट छुट्याउने गलत काम भयो। यसरी मुलुकले समृद्धिको बाटो पहिल्याउन सक्दैन। माननीयज्युहरूको चेतना कहिले खुल्ने हो ?

**Dhan Raj Gurung**
**@dhanrgrg**



काठमाडौंको सडक विस्तार गर्दा ९० प्रतिशत फुटपाथ नभएको सडक बनाइएको छ। सानो ढलको पाइप राख्ने गरिएको छ। त्यसैले भत्काउने-बनाउने कमिसन व्यापार चल्छ। यो तानाशाही प्रकारको सडक विस्तार हो। संसारको पद्धतिसँग मेल खाँदैन। फुटपाथ, साइकल वे, ग्रीनबेल्टविना सडक विस्तार गर्ने अवधारणा गलत छ।

**Panta Nava Raj**
**@nepalherald**